बैठक संख्या : १४५/२

आज मिति २०८३/०२/१० गते आइतवारका दिन बिहान ८:०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री दिल प्रसाद राईज्यूको अध्यक्षतामा नगरं कार्यपालिकाको तपसिल बमोजिमका पदाधिकारी र सदस्यहरूको उपस्थितिमा बैठक बस्यो ।

तपसिल

| क.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिल प्रसाद राई | प्रमुख | |
| २ | श्री नितु थापा | उप प्रमुख | |
| ३ | श्री मणी बहादुर पुलामी मगर | सदस्य | |
| ४ | श्री कृष्ण बहादुर गुरुङ | सदस्य | |
| ५ | श्री योगेन्द्र प्रसाद सुवेदी | सदस्य | |
| ६ | श्री चन्द्र बहादुर लिम्बु | सदस्य | |
| ७ | श्री डिल्ली बहादुर कटुवाल | सदस्य | |
| ८ | श्री टेक बहादुर राई | सदस्य | |
| ९ | श्री सुनिता चौधरी | सदस्य | |
| १० | श्री धनपती गौतम | सदस्य | |
| ११ | श्री सालिग्राम बस्नेत | सदस्य | |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | |
| १३ | श्री बिक्रम राई | सदस्य | |
| १४ | श्री पार्वती बस्नेत गौतम | सदस्य | |
| १५ | श्री रिता राजवंशी | सदस्य | |
| १६ | श्री भिम कुमारी गुरुङ | सदस्य | |
| १७ | श्री सन्च माया लिम्बु | सदस्य | |
| १८ | श्री निलम कुमारी राई | सदस्य | |
| १९ | श्री बद्री नारायण मण्डल | सदस्य | |
| २० | श्री जाँच मान याक्खा राई | सदस्य | |
| २१ | श्री विजय तोलाङ्गी | सदस्य | |
| २२ | श्री संजय बहादुर राजलवट | सचिव | |

<u>प्रस्तावहरू</u>

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।
२. आ.व. २०८३/८४ को नीति, कार्यक्रम तथा बजेट सम्बन्धमा ।
३. नगर शिक्षा योजना सम्बन्धमा ।
४. संस्था दर्ता सम्बन्धमा ।
५. सहकारी संस्थाहरुको पुनर्लिखित विनियम सम्बन्धमा ।
६. आर्थिक विधेयक सम्बन्धमा ।
७. आय ठेक्का सम्बन्धमा ।
८. आन्तरिक आय प्रक्षेपण सम्बन्धमा ।
९. विविध ।
   क. तह वृद्धि सम्बन्धमा ।
   ख. बिदा सम्बन्धमा ।
   ग. आर्थिक सहायता सम्बन्धमा ।
   घ. योजनाको म्याद थप सम्बन्मा ।
   ङ. नगर शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
   च. इलाका प्रहरी कार्यालय स्तरोन्नती सम्बन्धमा ।
   छ. जीवित संग्राहलय होमस्टे विस्तार साझेदारी ६० प्रतिशत अनुदान पुँजीगत सम्बन्धमा ।

निर्णयहरू

निर्णय नं. १. मिति २०८३/०१/०७ गते बसेको १४४ औं कार्यपालिका बैठकले गरेका निर्णयहरूको समीक्षा गर्दा देहाय बमोजिम निर्णय कार्यान्वयनको अवस्था रहेको पाइयो ।

देहाय

| क.स. | निर्णय नं. | प्रस्ताव | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | २ | आयोजना बैंकमा समावेश गरिने योजना तथा कार्यक्रम सम्बन्धमा । | भएको | |
| २ | ३ | बहुवर्षीय योजना सम्बन्धमा । | प्रक्रियामा रहेको । | |
| ३ | ४ | नगर शिक्षा समितिमा सदस्य मनोनयन सम्बन्धमा । | भएको | |
| ४ | ५ | योजना/कार्यक्रम सम्झौताको समय सीमा सम्बन्धमा । | भएको | |
| ५ | ६ (विविध) | | | |
| | क | नगर शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा । | भएको | |
| | ख | धरौटी सम्बन्धमा । | नभएको | |
| | ग | आर्थिक सहायता सम्बन्धमा । | भएको | |
| | घ | संस्था दर्ता सम्बन्धमा । | भएको | |

| प्रस्ताव नं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| २ | आ.व. २०८३/८४ को नीति, कार्यक्रम तथा बजेट सम्बन्धमा । | क. बेलबारी नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम पेस गर्न मिति २०८३/०२/२९ गते बेलबारी नगरपालिकाको १९ औं नगर सभाको अधिवेशन आव्हान गर्ने सर्वसम्मत निर्णय गरियो।<br>ख. बेलबारी नगरपालिकाका शाखा र वडा समितिबाट बजेट मार्गदर्शन र सीमाको आधारमा आ.व. २०८३/२०८४ को बजेट तथा कार्यक्रममा समावेश गरिने आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी जेठ १५ गते भित्र विषयगत समितिमा पेस गर्ने साथै वडा समिति र शाखा मार्फत प्राप्त बजेट तथा कार्यक्रम विषयगत समितिमा छलफल, प्राथिमिकीकरण र साङ्केतिकरण गरी जेष्ठ २५ गते सम्म बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेस गरिसक्नु पर्ने सर्वसम्मत निर्णय गरियो । |
| ३ | नगर शिक्षा योजना सम्बन्धमा। | बेलबारी नगरपालिकाको नगर शिक्षा योजना २०८२- २०८७ स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो । |
| ४ | संस्था दर्ता सम्बन्धमा। | बेलबारी नगरपालिकाको उद्योग, सहकारी तथा संघसंस्था शाखाबाट देहाय बमोजिमका संस्थाहरुले संस्था दर्ता ऐन, २०७६ को दफा ४ तथा दफा ७ को उपदफा २ बमोजिम आवश्यक प्रक्रिया पुरा गरेको भनी पेश भएको हुँदा उक्त संस्थाहरु दर्ता गर्न स्वीकृति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।<br>क. चौतारी नौमती बाजा महिला समूह बेलबारी १<br>ख. श्री रणपाल महराज थान संरक्षण समिति, बेलबारी ८ |
| ५ | सहकारी संस्थाहरुको पुनर्लिखित विनियम सम्बन्धमा । | बेलबारी नगरपालिकाको उद्योग, सहकारी तथा संघसंस्था शाखाबाट प्रक्रिया पुऱ्याई पेस भएका तपसिल बमोजिमका सहकारी संस्थाहरुको पुनर्लिखित विनियम सहकारी ऐन, २०७५ को दफा २९ (१) र २९ (२) तथा बेलबारी नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा १९ बमोजिम संशोधन तथा पुनर्लिखितको आधार देखिएकाले साथै उक्त सहकारी संस्थाहरुको साधारणसभाबाट समेत स्वीकृत भई आएका देहाय बमोजिमका पुनर्लिखित विनियम स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो । |

| प्रस्ताव नं. | प्रस्ताव | निर्णय | | | | |
|---|---|---|---|---|---|---|
| | | क. सं | सहकारी संस्थाको नाम | हाल भएको विषय, दफा, परिच्छेद र अनुसूची | संशोधनबाट थपघट गर्नुपर्ने विषय, दफा, परिच्छेद र अनुसूची | संशोधन भई कायम भएको विषय, दफा, परिच्छेद र अनुसूची |
| | | क | झलझली बचत तथा ऋण सहकारी संस्था लि. बेलबारी - १० | १ झलझली बचत तथा ऋणा सहकारी संस्था लि. को विनियम २०६४, प्रस्तावना,१ दफा, ७० परिच्छेद-१२, अनुसूची -३ | १. झलझली बचत तथा ऋण सहकारी संस्था लि. को विनियम २०८२, प्रस्तावना,१ दफा, ११२ परिच्छेद, १४ अनुसूची-५ | १. झलझली बचत तथा ऋण सहकारी संस्था लि. को विनियम २०८२, प्रस्तावना,१ दफा, ११२ परिच्छेद, १४ अनुसूची-५ |
| | | ख | समन्वय सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. बेलबारी - ०५ | ४ समन्वय बचत तथा ऋण सहकारी संस्था लि. को विनियम २०६७, प्रस्तावना,१ दफा, ७५ परिच्छेद-९, अनुसूची - ४ | १. समन्वय सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. को विनियम २०८२, प्रस्तावना,१ दफा, ९६ परिच्छेद, १६ अनुसूची-६ कार्यविधि बाहेक | १. समन्वय सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. को विनियम २०८१, प्रस्तावना,१ दफा, ७९ परिच्छेद, १३ अनुसूची-६ कार्यविधि बाहेक |
| | | ग | साना किसान कृषि सहकारी संस्था लिमिटेड बेलबारी -११ | साना किसान कृषि सहकारी संस्था लिमिटेड बेलबारी- ११ को विनियम २०७२, प्रस्तावना,१ दफा, ७५ परिच्छेद-८, अनुसूची -५ | साना किसान कृषि सहकारी संस्था लिमिटेड बेलबारी-११ को विनियम २०८२, प्रस्तावना,१ दफा, १२३ परिच्छेद-१४, अनुसूची -६ | साना किसान कृषि सहकारी संस्था लिमिटेड बेलबारी-११ को विनियम २०८२, प्रस्तावना,१ दफा, १२३ परिच्छेद-१४, अनुसूची -६ |
| ६ | आर्थिक विधेयक सम्बन्धमा । | मिति २०८३/०२/०३ गतेको राजस्व परामर्श समितिको सिफारिस बमोजिमको आर्थिक विधेयक, २०८३ लाई अनुमोदन गरी स्वीकृतिका लागि आगामी नगर सभा समक्ष पेस गर्ने सर्वसम्मत निर्णय गरियो । | | | | |
| ७ | आय ठेक्का सम्बन्धमा। | मिति २०८३/०२/०३ गतेको राजस्व परामर्श समितिको सिफारिस बमोजिम आ.व. २०८३/२०८४ का लागि आन्तरिकतर्फ अनुसूची–१ मा उल्लेखित आय ठेक्काको व्यवस्थापन गर्न मिति २०८३/०४/०१ गतेदेखि लागू हुने गरी ठेक्का व्यवस्थापन कार्य अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो । | | | | |
| ८ | आन्तरिक आयको प्रक्षेपण सम्बन्धमा । | मिति २०८२/१२/२१ गतेको राजस्व परामर्श समितिले गरेको आ.व. २०८३/२०८४ को आन्तरिक आय प्रक्षेपण सम्बन्धी सिफारिसलाई सर्वसम्मत रूपमा पारित गर्ने निर्णय गरियो । | | | | |
| ९ | विविध | | | | | |
| क | तह वृद्धि सम्बन्धमा। | मिति २०८२/०५/२२ गतेका दिन कोशी प्रदेश स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा २७ को उपदफा (४) बमोजिम गठित तह वृद्धि सिफारिस समितिका संयोजक श्री संजय बहादुर राजलवटज्यूको संयोजकत्वमा बसेको बैठकले उच्च अदालत विराटनगर फाट नं. १ (अभियान ) को च.नं. १५७८२ मिति २०८२/०३/२९ को मुद्दा नं. ०८०-WO-०४१४ को परमादेशबाट विपक्षीको नाममा निवेदकहरुको मागको विषयमा मिति २०८२/०२/१२ को परमादेश र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कोशी प्रदेश विराटनगरको च.नं. ४७१ मिति २०८२/०५/१६ को राय परामर्श पत्रबाट तह वृद्धि गर्ने सम्बन्धमा कोशी प्रदेशको स्थानीय सेवा गठन, सञ्चालन र सेवा शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश २०८०, वहाल रहेको समयमा यस बेलबारी नगरपालिकामा कार्यरत रही यस बेलबारी नगरपालिकाबाट सरुवा रमाना भई मिति २०८१/०४/१७ मा बाहदशी गाँउपालिका, झापा जानु भई त्यही कार्यरत रहनु भएका देहायका कर्मचारीको नाम समावेश भई यस सिफारिस अनुसार मिति २०८२/०६/२९ गतेको कार्यपालिकाको निर्णयबाट उल्लेखित | | | | |

<table>
<tr><th>प्रस्ताव नं.</th><th>प्रस्ताव</th><th>निर्णय</th></tr>
<tr><td></td><td></td><td>कर्मचारीको पनि तह वृद्धिको निर्णय भएको तर बाह्रदशी गाँउपालिकाले तह वृद्धि स्वीकार नगरेको तह वृद्धि कार्यान्वयनमा समस्या देखिएकोले मिति २०८२/०७/१३ गतेको तह वृद्धि सिफारिस समितिको सिफारिस बमोजिम मिति २०८२/०८/२५ को कार्यपालिकाको बैठकबाट निज उल्लेखित कर्मचारीको तह वृद्धि स्थगित गरिएकोमा बाह्रदशी गाउँपालिका को च.नं. ३२०४ मिति २०८३/०१/२१ को पत्रबाट "यस कार्यालयमा सरुवा भई आएका स्वास्थ्य सेवा तर्फ छैठौं तहका कर्मचारी श्री मनोज पाठकले सरुवा हुनु अगावै सोही नगरपालिका विरुद्ध स्थानीय सेवा (गठन तथा सञ्चालन), अध्यादेश, २०८० बमोजिम तह वृद्धि का सम्बन्धमा कानुन बमोजिम निर्णय नगरेको भनी श्री उच्च अदालत विराटनगरमा रिट पेश गरेकोमा मिति २०८२/०२/१२ गतेको फैसलाले कानुन बमोजिम निर्णय गर्नु भनी आदेश भएको र उक्त नगरपालिकाले मिति २०८२/०६/२९ गतेको निर्णय बमोजिम तह वृद्धि गरेकोमा पुनः २०८२/०८/२५ गतेको निर्णयबाट उक्त तह वृद्धि स्थगित गरिएको र अदालत बमोजिमको कार्यार्थ गर्न भनी तहाँ कार्यालयबाट यस कार्यालयमा पत्राचार भएको थियो उक्त पत्रको कार्यान्वयन सम्बन्धमा तह वृद्धि सिफारिस समितिलाई द्विविधा उत्पन्न भएकोले सो सम्बन्धमा यस कार्यालयबाट बढुवा समिति, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेशमा राय गरिएकोमा सो बढुवा समितिले मिति २०८२/१२/१२ गतेको पत्रमा सम्मानित अदालतको आदेशानुसार गर्ने भनी राय पठाएको हुँदा" यस पालिकाबाट निजको तह वृद्धि कार्यान्वयन गरिदिने भनि लेखी आएकोले उक्त मिति २०८२/०८/२५ मा स्थगित भएको तह वृद्धिलाई पुनःकायम गर्नका लागि बेलबारी नगरपालिकाको तह वृद्धि सिफारिस समितिबाट सिफारिस भई आएको देहाय बमोजिमको कर्मचारीलाई तह वृद्धि गर्ने निर्णय गरियो।
<table>
<tr><th>क्र.स.</th><th>नाम थर</th><th>कर्मचारी संकेत नं.</th><th>सुरु नियुक्ति</th><th>साविक तहवृद्धि मिति</th><th>समायोजन मिति</th><th>हालको पद तह</th><th>तहवृद्धि गरिएको पद/तह</th><th>सेवा</th></tr>
<tr><td>१</td><td>मनोज पाठक</td><td>१५८४५६</td><td>२०५६/०७/१६ अ.हे.व. चौथो</td><td>अ.हे.अ. पाँचौ निर्णय मिति: २०७०/०९/१२ जेष्ठता मिति: २०६१।०७।१६ छैठौं २०७०/०९/२६ जेष्ठता: २०७०/१०/०१</td><td>२०७६ /०५/१३</td><td>सि.अ.हे.व. छैठौं/ अधिकृतस्तर छैठौं</td><td>जन स्वास्थ्य अधिकृत सातौं</td><td>स्वास्थ्य</td></tr>
</table>
</td></tr>
<tr><td>ख</td><td>बिदा सम्बन्धमा।</td><td>क. बेलबारी नगरपालिकामा कार्यरत अधिकृतस्तर छैठौं श्री लक्ष्मी प्रसाद भट्टराईले मिति २०८३/०२/०७ गते देखि मिति २०८३/०९/०७ गतेसम्म १८० दिन घरायसी कामकाजको कारण देखाउंदै घर बिदा माग गरी निवेदन पेश गर्नु भएको हुँदा निजको बाँकी रहेको सञ्चित घर बिदाबाट प्रचलित कानुन बमोजिम मिति २०८३/०२/०७ गते देखि लागू हुने गरी ९० (नब्बे) दिन घर बिदा स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।<br>ख. बेलबारी नगरपालिकामा कार्यरत अधिकृतस्तर आठौं श्री नर बहादुर श्रेष्ठले श्रीमतीको मृगौला प्रत्यारोपण सम्बन्धी स्वास्थ्य समस्याका कारण मिति २०८२/१२/०५ गतेदेखि मिति २०८३/०४/३० गतेसम्म घर बिदा माग गरी निवेदन पेश गर्नु भएको हुँदा निजको बाँकी रहेको सञ्चित घर बिदाबाट प्रचलित कानुन बमोजिम मिति २०८२/१२/०५ गतेदेखि लागू हुने गरी ९० (नब्बे) दिन घर बिदा स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।</td></tr>
<tr><td>ग</td><td>आर्थिक सहायता सम्बन्धमा ।</td><td>बेलबारी नगरपालिकाका तपसिल बमोजिमका संस्था/नागरिकबाट पेस भएका आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धी निवेदन उपर छलफल गरी देहाय बमोजिम आर्थिक सहायता उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।<br>देहाय
<table>
<tr><th>क्र.स.</th><th>निवेदक संस्था/ नागरिकको नाम</th><th>ठेगाना</th><th>सहायता रकम (रू)/ स्रोत</th><th>कारण</th></tr>
<tr><td>अ.</td><td>प्रेरणा केयर सेन्टर प्रा.लि.</td><td>इटहरी-२, सुनसरी</td><td>८३,३९६।— (त्रियसी हजार तीन सय छयानब्बे)</td><td>बेलबारी न.पा.-१ निवासी वर्ष ३८ का कृष्ण बहादुर लिम्बु मानसिक रोगबाट पीडित भई उपचाररत रहेको</td></tr>
</table>
</td></tr>
</table>

| प्रस्ताव नं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| | | (continued) |

| | | | | |
|---|---|---|---|---|
| | | | /अन्य सामाजिक सुरक्षा | तथा आर्थिक अवस्था कमजोर भई उपचार खर्च व्यवस्थापन गर्न कठिन भएकाले आर्थिक सहायता उपलब्ध गराउन उपयुक्त देखिएको । |
| आ. | कोपिला बुढाथोकी | बेलबारी-१०, मोरङ | ४०,०००।— (चालिस हजार) /अन्य सामाजिक सहायता | निज निवेदकको छोरी भोज कुमारी रोका DDH रोगबाट पीडित भई HRDC बनेपामा उपचाररत रहेको, शल्यक्रिया सहित उपचार खर्च (अनुमानित) रु. २,०६,२००/- लाग्ने देखिएको तथा परिवारको आर्थिक अवस्था कमजोर भई उपचार खर्च व्यवस्थापन गर्न असमर्थ भएकाले मानविय तथा सामाजिक संरक्षणको दृष्टिकोणले उपचार खर्च सहयोग उपलब्ध गराउन उपयुक्त देखिएको । |

**घ** — योजनाको म्याद थप, कार्य स्वीकार र भेरिएसन सम्बन्धमा

अ. बेलबारी नगरपालिकामा सञ्चालन भएको देहाय बमोजिमका योजनाहरूको देहाय बमोजिम हुने गरी म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

| क.स. | योजनाको नाम | कार्यसम्पन्न गर्नुपर्ने मिति | म्याद थप गर्ने मिति | म्याद थपको कारण |
|---|---|---|---|---|
| १ | कोल्ट स्टोरेज भवन निर्माण | २०८२/११/२९ | २०८३/०२/२९ | कार्य सम्पन्न भई Work acceptance समेत भएकाले भुक्तानी प्रयोजनका लागि |
| २ | खगेन्द्र पैनी मर्मत तथा सञ्चालन, सिमपाने टोल विकास संस्था, बेलबारी-३ | २०८३/०१/३० | २०८३/०२/१५ | भुक्तानी प्रयोजनका लागि |
| ३ | जनप्रेमी चोक देखि सुकुना चिसाङ खोला सम्म एजिङ निर्माण, बेलबारी-८ | २०८३/०१/३१ | २०८३/०२/३० | भुक्तानी प्रयोजनका लागि |
| ४ | धनपाल मा.वि. छात्र सौचालय निर्माण, बेलबारी-०५ | २०८२/१२/३० | २०८३/०३/१५ | भुक्तानी प्रयोजनका लागि |
| ५ | Paving Block Phase 2 | २०८२/११/३० | २०८३/०३/१५ | निर्माणको क्रममा विवाद उत्पन्न भएको र उक्त कार्य गर्दा पुरानो सामग्री हटाई पुन नयाँ सामग्री ल्याउनु पर्ने भएकाले सामग्री स्थानान्तरण गर्न समय लागेको |

आ. बेलबारी नगरपालिकामा सञ्चालनमा रहेका देहाय बमोजिमको आयोजनाको कार्यको गुणस्तर, संरचनात्मक सुरक्षा तथा दीर्घकालीन सञ्चालन विश्वसनीयता कायम गर्न लागत अनुमानमा कुनै आर्थिक व्यय सृजना नहुने गरी नयाँ परिमाण थप साथै सम्झौतामा रहेका केही परिमाण थप/घट गरी पेश भएको तपसिल बमोजिमको भेरिएसन स्वीकृत तथा अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

<u>देहाय</u>

| योजनाको नाम | ठेक्का नं. | भेरिएसन सम्बन्धी विवरण | कैफियत |
|---|---|---|---|
| Supply and Delivery and installation of Street light (Belbari nagarpalika 11 | BM/MOR/W/NCB – 01- 2082/083 | लागत अनुमान तयार गर्दा उपलब्ध प्रारम्भिक विवरण तथा field input का | सार्वजनिक खरिद ऐन |

| प्रस्ताव नं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| | | ma raheko sadak dhalan tatha saundariya karan<br>आधारमा 50 sq.mm ABC armored cable प्रयोग प्रस्ताव गरिएको र economical बनाउन 65 kg पोल समावेश गरी estimate तयार गरिएको तर, कार्यान्वयन पूर्व गरिएको विस्तृत साइट निरीक्षण तथा प्राविधिक मूल्याङ्कनका क्रममा प्रस्तावित 50 sq.mm ABC armored cable को self weight, wind load तथा span condition अनुसार 65 kg पोल संरचनात्मक रूपमा पर्याप्त तथा असुरक्षित हुने देखियो ।<br>प्रारम्भिक अनुमान तयारीको समयमा पूर्ण रूपमा स्पष्ट नभएको तथा विस्तृत प्राविधिक verification पछि मात्र उक्त अवस्था पुष्टि भएको कारण 50 sq.mm को सट्टा 25 sq.mm conductor प्रयोग गर्नु आवश्यक देखिएको छ।<br>२०६३ को दफा ५४ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ |
| ङ | नगर शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा । | मिति २०८३/०२/०७ बसेको नगर शिक्षा समितिको बैठकले गरेका अनुसूची २ बमोजिमका निर्णयहरु अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो । |
| च | इलाका प्रहरी कार्यालय स्तरोन्नति सम्बन्धमा । | इलाका प्रहरी कार्यालय बेलबारी, मोरङको कार्यक्षेत्र अन्तर्गत बेलबारी नगरपालिका, सुन्दरहरैचा नगरपालिका, केराबारी गाउँपालिका, ग्रामथान गाउँपालिका तथा बुढीगंगा गाउँपालिकाका केही वडा समेटिएका छन् । उक्त क्षेत्रको कुल जनसंख्या तीन लाखभन्दा बढी रहेको तथा जनसंख्या वृद्धि, तीव्र शहरीकरण, बजार क्षेत्र विस्तार, व्यापारिक गतिविधिको वृद्धि, सवारी आवागमनको चाप एवं सार्वजनिक सुरक्षा सम्बन्धी चुनौतीहरू दिनप्रतिदिन जटिल बन्दै गएको अवस्थालाई मध्यनजर गर्दै शान्ति सुरक्षा व्यवस्थापनलाई थप प्रभावकारी, भरपर्दो र समयानुकूल बनाउन आवश्यक देखिएकोले हाल प्रहरी निरीक्षकको दरबन्दीमा सञ्चालन भइरहेको इलाका प्रहरी कार्यालय बेलबारीलाई प्रहरी नायब उपरीक्षक (डीएसपी) को दरबन्दी सहित थप आवश्यक जनशक्ति र स्रोत साधनको व्यवस्थापन गरी स्तरोन्नति गर्न जिल्ला प्रशासन कार्यालय, मोरङमार्फत सम्बन्धित निकायमा सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो । |
| छ | जीवित संग्राहलय होमस्टे विस्तार साझेदारी ६० प्रतिशत अनुदान पुँजीगत सम्बन्धमा । | बेलबारी नगरपालिकाको आ.ब. २०८२/८३ को स्वीकृत कार्यक्रम अन्तर्गत सि.नं. २५६ मा रहेको **"जीवित संग्रहालय होमस्टे विस्तार साझेदारी ६० प्रतिशत अनुदान"** पुँजीगत शीर्षकको कार्यक्रम सम्बन्धमा, नगर कार्यपालिकाले तोकेको समयसीमाभित्र लागत सहभागिता लगायत विविध कारणवश सम्झौता हुन नसकेको हुँदा उक्त कार्यक्रमको सम्झौता गरी आवश्यक कार्यप्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो । |

अनुसूची १

मिति २०८३/०२/१० गतेको का.पा. निर्णय ७ संग सम्बन्धित आय ठेक्काको व्यवस्थापन

| सि.नं. | विवरण | न्युनतम अंक (भ्याट सहित ) | फारम दस्तुर | ठेक्काको प्रकार |
|---|---|---|---|---|
| क) | बेलबारी ३ मा लाग्ने सोमबारे मवेशी पशु हाट बजार कर अशुली | ३१,०३,२०१/- | ३०००/- | विद्युतिय बोलपत्र |
| ख) | किर्तिमान भाउन्ने सडक, भाउने आमतोला सडक दायाँ बायाँबाट आउने सडकहरु, बेलबारी कसेनी सडक वडा नं. ५, लक्ष्मीमार्ग सोह्रभाग सडक दायाँबायाँबाट आउने सडकहरु वडा नं. ६, मूल नहर सडक, रत्नमार्ग/शिसौली मार्ग/गुम्बा मार्ग स्थानीय पुर्वाधार उपयोग शुल्क | २८,००,०००/- | ३०००/- | विद्युतिय बोलपत्र |
| ग) | बेलबारी १ मा लाग्ने सोमबारे, वडा नं. २ मा लाग्ने शुक्रबारे हाटकर संकलन | ११,३५,१०० /- | १०००/- | विद्युतिय बोलपत्र |
| घ) | बाहुनी बजार वडा नं. ७ | २,०६,०००/- | १०००/- | दरभाउपत्र/विद्युतीय बोलपत्र |
| ङ) | डाँगिहाट बजार वडा नं. ९ | २,००,१००/- | १०००/- | दरभाउपत्र/विद्युतीय बोलपत्र |
| च) | लक्ष्मीमार्ग बजार वडा नं. ११ | १,१७,७००/- | १०००/- | दरभाउपत्र/विद्युतीय बोलपत्र |
| छ) | कसेनी बजार वडा नं. ५ र सोमबारे बजार वडा नं. ६ | १,००,२००/- | १०००/- | दरभाउपत्र/विद्युतीय बोलपत्र |
| ज) | पार्किङ शुल्क असुली (मालपोत र नापी) | ३,००,०००/- | १०००।- | दरभाउपत्र/विद्युतीय बोलपत्र |
| झ) | कवाडी शुल्क असुली | १,५०,०००/- | १०००।- | दरभाउपत्र/विद्युतीय बोलपत्र |
| ञ) | विज्ञापन कर | ३,३०,०००/- | १०००। | दरभाउपत्र/विद्युतीय बोलपत्र |
| | जम्मा | ८४,४२,३०१ | | |